ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

# वास्तुविज्ञान र शैक्षिक संस्थान

**शालिग्राम ढकाल**
उपप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ (क्याम्पस)
इमेलः sgddhakal@gmail.com

**लेखसार**

प्रकृतिसम्मत वासस्थानले हरेकलाई सानन्दसन्तुष्टि प्रदान गर्दछ । प्रकृतिप्रतिकूल व्यवस्थिति विधिविपरीत हुने भएकाले बस्ने बसाउँने जोकोही अभीष्टविमुख हुन पुग्छ । पृथ्वी, जल, तेज, वायु, आकाशको सन्तुलित मिलान नै वास्तुविज्ञान हो, जसमा चराचर जगत् आनन्दपूर्वक अवस्थित छ । त्यही अवस्थानुसारको अनुकूल बसाइव्यवस्थाले नै हरेक मानव चतुर्विध पुरुषार्थसिद्धिमा सफल हुन्छ । जीवनको बाटो कस्तो हुन्छ भन्ने संकेत बस्ने जमिनको माटोले गर्छ । विभिन्न आकारमा जग्गा हुन्छन् । दिशानुसार त्यस आकृतिमा विभिन्न देवताको निवास हुन्छ । वास्त्वमा वास्तुमिलान भनेको तदधिष्ठात्री देवीदेवताको आशीर्वाद ग्रहण गर्नु हो । मानव जीवनको पहिलो पाइला विद्याध्ययनका लागि लम्कन्छ । साहित्य, संगीत, कला तथा दर्शनले पल्लवित भएको विद्या नै जैवनिक यात्राको चाँदनी हुन्छ । त्यत्तिकै कहाँ **विद्ययामृतमश्नुते** अर्थात् विद्याबाट नै अमरत्त्व प्राप्ति हुन्छ भनिएको हो र ? त्यस्तो अमरत्त्वसाधनाको श्रीगणेश हुने शैक्षिक संस्था यदि वास्तुसम्मत छ भने अवश्य पनि मानव जीवनको लक्ष्य पूरा हुन्छ भन्नु यस अनुसन्धानको अभीष्ट हो ।

**शब्दकुञ्जी :** वास्तुविज्ञान, पञ्चमहाभूत, मानवजीवन, शैक्षिकसंस्थान, लक्ष्यप्राप्ति ।

## विषयप्रवेश

चार वेदका चार उपवेदमध्ये अथर्ववेदको उपवेद स्थापत्यवेद हो । जसलाई वास्तुविज्ञान वा शिल्पशास्त्र भनिन्छ । स्थापत्यवेदको पर्याय नै वास्तुविज्ञान हो । भनिएको छ- **स्थापत्यवेदपर्यायो वास्तुवेदः** (समराङ्गणसूत्रधार-१६-४९) । वास, आवास, निवास, स्थान अर्थ भएको **'वस्'** धातुमा **तुण्** प्रत्यय लागेर वास्तु शब्द बनेको हो । (शब्दकल्पद्रुम, चतुर्थखण्ड, पृष्ठ-३५८) । यस्तो वास्तुशब्दले धर्म, अर्थ, काम र मोक्ष गरी चारै पुरुषार्थ सिद्धिका लागि बसिने स्थान भन्ने बुझाउँछ । आवासका लागि होस् या कुनै संघसंस्थानका लागि नै किन नहोस्, ती सबैका लागि अत्यन्त सुयोग्य र समुचित भूमि नै वास्तु हो । हरेक मान्छे चाहन्छ कि आफू बसेको स्थान कुनै विघ्नबाधा नभएको, सुख,शान्ति र समृद्धि दिने होओस् । कोही पनि चाहदैन कि आफ्नो उद्योगले लक्ष्यमा नपुऱ्याओस्, अभीष्ट नदिलाओस् । मानवमात्र होइन संसारका हरेक प्राणी आफूअनुकूलको आवास खोज्छ । लामो या छोटो समय नै किन नहोस् बसुन्जेल चैन चाहन्छ । तर चैन चाहन्छ

बेचैन बन्नुपर्दछ, आशावादी हुँदै काम गर्छ निराशा हात लाग्छ । सुख खोज्छ तर दु:ख भोग्न बाध्य हुन्छ । आयु र आरोग्यले दीर्घ जीवन मिलोस् भन्छ तर रोग र शोकले भएको स्वास्थ्य र जोगाएको सम्पत्ति सबै स्वाहा हुन्छ । जैवनिक कलाको सर्वाङ्गीण पक्ष पूर्ण नभई अपुरो र अधुरो हुन्छ । तब मान्छेको मनमा अनेक शङ्का उब्जन्छ, किन मरिमेटेर गर्दा गर्दै पनि हात लाग्यो शून्य ? किन रोगको अनेक थरि उपचार गर्दा पनिकीक भएन ? किन सबैलाई सन्तुलनमा राख्न खोज्दाखोज्दै आफैँ असन्तुलित ? हरेकलाई गुन लगाउँदा पनि किन अपजसको भागी ? त्यतिमात्र होइन आँखा चिम्लेर घरको एकान्त कोठामा बसी ध्यान गर्न खोज्दा पनि किन मनमा अनेक हुण्डरी मडारिन्छ ? यस्तैयस्ता अनेकौँ शङ्काको कालो बादलले नराम्ररी घेर्छ, घेर्ने गर्छ । यी प्रश्नहरूको एकमात्र समाधान भनेको वास्तुमिलान हो । अर्थात् आफू बस्ने ठाउँ र गर्ने उद्योग व्यवसायमा वास्तुसिद्धान्तसम्मत अनुशासनको परिपालन गर्नु हो । किनकि वास्तु भनेकै सम्पूर्ण देवीदेवताको निवासस्थान हो । भनिएको छ- **सर्वदेवनिवासार्थं वास्तुरित्यभिधीयते । (मत्स्यपुराण,२५३/५-१९) ।**

तसर्थ निचोडमा वास्तु मिलाउनु भनेको हरेक निर्माणस्थलमा अदृश्य रूपमा रहेका देवीदेवताको आशीर्वाद लिनु हो ।

## समस्याकथन

वास्तुविज्ञान भनेको के हो ? वास्तुसिद्धान्त परिपालन गर्दा मानव जीवन कसरी सफल हुन्छ तथा विभिन्न संघसंस्थानमध्ये शैक्षिक संस्थानको वास्तु कस्तो हुनुपर्दछ भन्ने पीठिकामा तयार पारिएको यस अनुसन्धानात्मक आलेखमा निम्न समस्या रहेका छन् -

(क) वास्तुविज्ञानको महत्त्व भनेको के हो ?
(ख) शैक्षिक संस्थानका लागि वास्तुमिलान किन अपरिहार्य छ ?

## अध्ययनको उद्देश्य

समस्याकथनमा व्यक्त गरिएका जिज्ञासाहरूको प्राज्ञिक समाधान अन्वेषण गर्ने उद्देश्यले उक्त अनुसन्धानात्मक आलेख तयार गरिएको हो र यसका उद्देश्य निम्नानुसार रहेका छन् -

(क) वास्तुविज्ञानको महत्त्व मुखरित गर्नु ।
(ख) शैक्षिक संस्थानका लागि वास्तुमिलानको वैशिष्ट्य निश्चय गर्नु ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानात्मक आलेख ज्योतिषशास्त्रको एक अंग संहिता भागको आधारमा तयार पारिएको हो । यस अनुसन्धानको विश्लेषण र व्याख्या गर्नको लागि सामग्री संकलन विधि, विश्लेषणात्मक विधि आत्मसात गरिएको छ । साथै संबद्ध स्थलगत अध्ययन पनि अवलम्बन गरिएको छ । यसका लागि विभिन्न वास्तुशास्त्रीय ग्रन्थहरू सामग्रीका रूपमा रहेका छन् । अतः

तिनै विभिन्न स्रोतका आधारमा व्याख्या, विश्लेषण गरी सत्यतथ्यको सत्यापनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

## वास्तुविज्ञानको महत्त्व

वास्तु ज्ञान र विज्ञानको यस्तो एक शाश्वत नमूना हो जसले मानिसलाई सुख, शान्ति र समृद्धि दिलाउनुका साथै इहलोक र परलोक सुधार्ने काम गर्छ । वासस्थान आदिको निर्माणका लागि सुयोग्य अविच्छिन्न भूमि नै वास्तु हो । वास्तुको मूलभूत सिद्धान्त भनेको प्राकृतिक स्थूल र सूक्ष्म प्रभावलाई मानव मात्रको कल्याणका निम्ति अनुकूल उपयोगमा लिनु हो । प्रकृतिको अमूल्य र विशिष्ट वरदान मानव हो । तसर्थ मानव दैहिक र भौतिक सुखसुविधाले सुसम्पन्न हुनुका साथै आध्यात्मिक उन्नतिको आसनमा आरूढ हुन चाहन्छ भने उसले प्रकृतिलाई सम्मान गर्नैपर्छ, सन्तुलनमा राख्नैपर्छ । किनकि वास्तु भनेको नै प्रकृतिको समुचित मेल हुनु हो । पृथ्वी, जल, तेज, वायु र आकाश यी पञ्चतत्त्वलाई उपयुक्त तरिकाले प्रयोग गर्नु हो । अर्थात् यी पञ्च महाभूतलाई कुनै विनिमय नगरी जुनजुनको स्थान हो, त्यसलाई आफ्नो आवास वा संस्थान निर्माण गर्दा तत्तत् स्थानमा स्थापना गर्नु हो । पूर्व, पश्चिम, उत्तर, दक्षिण यी चार दिशा तथा ईशान, आग्नेय, नैर्ऋत्य र वायव्य गरी चार कोणमा सही तरिकाले विन्यास भएको निवासमा नै वास्तुको वैशिष्ट्य झल्कन्छ । वास्तुको त्यही विशेषतालाई विवेकपूर्ण तरिकाले वरण गर्नु नै मानवीय कार्यको कुशलता हो, पाइलापाइलामा सफलता हो, सरल र सहज तरिकाले गन्तव्यमा पुग्नु हो र हो यस मानव चोलाको सार्थकता सफल हुनु ।

मानवको शरीर पञ्चमहाभूतको समष्टि स्वरूप हो भने मानव बस्नको लागि निर्मित भवन पनि यिनै पाँच तत्त्वको तात्त्विक तालमेल हो । वास्तवमा यी पाँच तत्त्वहरूको पारस्परिक निर्भरता र आन्तरिक प्रक्रिया हुन्छ, जसबाट एक अदृश्य समीकरण हुन्छ जुन मानव मस्तिष्कभन्दा परको कुरो हो । मानिसले आफ्नो काम गर्ने ठाउँ तथा बस्ने ठाउँलाई इच्छाअनुसार निर्माण गर्न सक्छ तर जुन प्रकृतिको प्रभाव उसको जीवनमा प्रत्यक्ष परेको हुन्छ त्यस्तो प्रकृति र त्यसका शक्तिहरूलाई आफू अनुकूल बनाउन र नियन्त्रण गर्न सक्ने ताकत मान्छेमा हुँदैन । सृष्टिकर्ता भगवान्मा समेत आफैँले निर्माण गरेको प्राकृतिक नियम बदल्ने क्षमता हुँदैन भन्ने कुराको सङ्केत खप्तड बाबाको गर्नुभएको छ - **परमात्माले नियम निर्माण गरेको छ जसलाई भङ्ग गर्न ऊ आफू पनि समर्थ छैन (विचार-विज्ञान,पृ.१८) ।**

तसर्थ विवेकशील मान्छेले यति भने जरुर गर्न सक्छ कि प्रकृतिको स्थान र क्षमतालाई सही तरिकाले बुझी त्यहीअनुसार डिजाइन गरेर वासस्थान बनाउन सक्छ । त्यही नै वास्तु मिलाउनु हो, प्रकृतिको सम्मान गर्नु हो र जीवनलाई सफल बनाउनु हो ।

हामीले अनुभव पनि गरेका छौँ कि जुन स्थानमा वास्तुसम्मत निर्माण भएको छ त्यहाँ एक्कैछिन बस्दा पनि आनन्द मिल्छ, सुख र शान्ति मिलेको अनुभूति हुन्छ, जतिसुकै हतार भए पनि

हिँड्न मनै लाग्दैन, बसिरहुँ लाग्छ, समय बितेको पत्तै हुँदैन । यदि वास्तु प्रकृतिको बेमेल भएको ठाउँ छ भने छोटो समय बस्दा पनि टाउको भारी हुन्छ, मन उकुसमुकुस हुन्छ, अनेक तनाबको तानाबानाले जेल्छ, तिल पनि पहाड बन्छ, बुद्धि विपरीत हुन्छ, बनिसकेको कामसमेत बिग्रन्छ, ग्रहको आनुकूल्य पनि बेकार हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने वास्तु नमिलेको ठाउँमा केहीबेर बस्दा त यस्तो अवस्था आउँछ भने ऋण गरेर जिन्दगी भरको लागि बनाइएको घरमा बस्दा कस्तो हालत होला ? यस्तो बुझ्दाबुझ्दै पनि वास्तुप्रकृतिको सम्मान नगर्नु अर्थात् वास्तुसम्मत निर्माण नगर्नु त मूर्खताभन्दा के नै होला र ! त्यसैले आफू बस्ने घरमात्र हैन, आफ्नो संस्थान वा कार्यालयमात्र हैन, आफू बस्ने गाउँ, नगर, शहर सबै वास्तुशास्त्रअनुसार निर्माण गर्नुपर्दछ । यसो गरे मात्रै हरेक हिसाबले जीवन सानन्दमय बन्दछ । वास्तवमा वास्तुशिल्पशास्त्रको प्रादुर्भाव संसारको कल्याणका लागि भएको हो । संसारका हरेक प्राणीको  सुख, शान्ति, समृद्धि, सन्तोष र सुन्दरताको लागि नै वास्तु बनेको हो ।

**शास्त्रेणानेन सर्वस्य लोकस्य परमं सुखम् ।**
**चतुर्वर्गफलप्राप्तिः सुलोकश्च भवेद् ध्रुवम् ॥**

- (विश्वकर्मवास्तुशास्त्रम्, २/१-९)

अर्थात् "जगत्को अविच्छिन्न सुखको लागि र धर्म, अर्थ, काम, मोक्षप्राप्ति नै वास्तुशास्त्रको मूल उद्देश्य हो ।" समस्त प्रकृति आठ भागमा विभाजित छ भन्ने चर्चा पाइन्छ -

**भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।**
**अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥**

-(श्रीमद्भगवद्गीता, अध्याय ७/४)

पृथ्वी, पानी, आगो, हावा, आकाश, मन, बुद्धि र अहङ्कार यी आठ चिजमा विभाजित स्वरूप नै प्रकृति हो भन्ने यसको अर्थ हो । यसबाट ब्रह्माको यो सृष्टिमा वास्तुप्रकृतिको विशिष्टता मुखरित भएको स्पष्ट हुन्छ ।

## वास्तुविज्ञानको उपयोग

कुनै स्थानमा कुनै पनि निर्माणकार्य गर्नुभन्दा अगाडि त्यस भूमिको राम्ररी परीक्षण गर्नुपर्दछ । जमिनको बनोट वर्गाकार वा आयताकार शुभ हुन्छ । उत्तर र पूर्वभन्दा पश्चिम र दक्षिण अग्लो हुनु उत्तम हुन्छ । अर्थात् उत्तरदेखि पूर्वसम्मको भूमि अरुभन्दा होचो हुनु अति नै कल्याणकारक हुन्छ ।

**अत्यन्तं वृद्धिदं नृणामीशानप्रागुदक्प्लवम् ।**
**अन्यदिक्षु प्लवे तेषां शश्वदत्यन्तहानिदम् ॥**

-(नारदपुराण, पूर्वखण्ड, ५६/५४२)

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

त्यसपछि माटोको शुभता विचारणीय हुन्छ । कालो र चिल्लो माटोमा निर्माणकार्य वर्जित छ । भूमिपतिको नाम, राशिअनुसार शुभाशुभको परीक्षण मननीय हुन्छ । यदि हरेक दृष्टिकोणबाट शुभ छ भने मात्र शुभ मुहूर्तमा निर्माणकार्य प्रारम्भ गर्नुपर्दछ । निर्माणकार्यको श्रीगणेश गर्दा होस् या शिलान्यास गर्दा होस् अथवा मूल ढोका राख्दा नै किन नहोस् मुहूर्तको शुभत्त्व अनिवार्य हुन्छ ।

भवनको डिजाइन गर्दा दक्षिण र पश्चिमको भन्दा उत्तर र पूर्वमा जमिन बढी छोडेको हुनुपर्दछ । त्यसपछि पूर्व र उत्तरको बिच भाग ईशानकोणमा पूजाकोठा, मन्दिर हुनुपर्दछ । पूर्व दिशामा स्नानकक्ष, पूर्व र दक्षिणको बिच आग्नेयकोणमा भान्छाकोठा, उत्तरमा कोषागार हुनुपर्दछ । आग्नेयकोण र दक्षिण दिशाको बिचमा घिउ, तेल आदिको कक्ष तथा दक्षिण दिशा र नैर्ऋत्यकोणको बिचका शौचालय बन्नुपर्दछ । त्यस्तै वायव्यकोण र उत्तर दिशाको बिचमा दाम्पत्यकक्ष हुनु उत्तम हुन्छ । दक्षिण दिशा शयनकक्षको लागि, पश्चिम दिशा भोजनको लागि, ईशानकोण स्वागत वा बैठकका लागि भए गृहस्वामीलाई आनन्द हुन्छ ।  धान्यगृह वायव्यमा, शस्त्रास्त्रस्थल नैर्ऋत्यमा र पार्किङ्ग वायव्य कोणमा बनाउनुपर्दछ ।

**पूर्वस्यां श्रीगृहं प्रोक्तमाग्नेय्यां स्यान्महानसम् । शयनं दक्षिणस्यां च नैर्ऋत्यामायुधाश्रयम् ॥**
**भोजनं पश्चिमाया च वायव्यां धनसञ्चयम् । उत्तरे द्रव्यसंस्थानमैशान्यां देवतागृहम् ॥**
**इन्द्राग्न्योर्मथनं मध्ये यमाग्न्योर्घृतमन्दिरम् । यमराक्षसयोर्मध्ये पुरीषत्यागमन्दिरम् ॥**
**राक्षसजलयोर्मध्ये विद्याभ्यासस्य मन्दिरम् । तोयेशानिलयोर्मध्ये रोदनस्य च मन्दिरम् ॥**
**कामोपभोगशमनं वायव्योत्तरयोर्गहम् । कौबेरेशानयोर्मध्ये चिकित्सामन्दिरं सदा ॥**
**पुरन्दयेशयोर्मध्ये सर्ववस्तुषु संग्रहम् । सदनं कारयेदेवं क्रमादुक्तानि षोडश ॥**

-(बृहद्वास्तुमाला,१५०-१५५)

**स्पष्ट ज्ञानको लागि तलको तालिका प्रस्तुत गरिन्छ -**

| **दिशा/कोण** | **कक्ष** |
|---|---|
| ईशान | देवालय |
| पूर्व | स्नानकक्ष |
| आग्नेय | पाकगृह |
| दक्षिण | शयनस्थान |
| नैर्ऋत्य | शस्त्रास्त्र |
| पश्चिम | भोजन |
| वायव्य | धान्यालय |

| | |
|---|---|
| उत्तर | कोषागार |
| पूर्व-आग्नेय | दूध, दहिस्थान |
| आग्नेय-दक्षिण | घिउ, तेलस्थान |
| दक्षिण-नैर्ऋत्य | शौचालय |
| नैर्ऋत्य-पश्चिम | विद्याभ्यास |
| पश्चिम-वायव्य | रोदनस्थान |
| वायव्य-उत्तर | रतिकक्ष |
| उत्तर-ईशान | औषधालय |
| ईशान-पूर्व | सर्वसङ्ग्रह |

रामदैवज्ञले आफ्नो आधिकारिक ग्रन्थ मुहूर्तचिन्तामणिमा यसरी बताएका छन् -

**स्नानाग्निपाकशयनास्त्रभुजश्च धान्य-भाण्डारदैवतगृहाणि च पूर्वतः स्युः ।**
**तन्मध्यतस्तु मथनाज्यपुरीषविद्याभ्यासाख्यरोदनरतौषधसर्वधाम ॥**

-(मुहूर्तचिन्तामणि, वास्तुप्रकरण-२१)

आचार्य वराह मिहिरले पनि आफ्नो बृहत्संहितानामक ग्रन्थमा सोही कुरालाई यसरी व्यक्त गर्दछन्-

**ऐशान्यां देवगृहं महानसं चापि कार्यमाग्नेय्याम् ।**
**नैर्ऋत्यां भाण्डोपस्करोऽर्थधान्यानि मारुत्याम् ॥**

-(बृहत्संहिता, वास्तुविद्याविचार-११६)

निर्माण गर्दा उत्तर र पूर्वतर्फ दक्षिण र पश्चिमको भन्दा बढी खुला भए आरामदायक हुन्छ। साथै पूर्व र उत्तर दिशाबाट प्रशस्त प्रकाश र हावा छिर्ने हुनुपर्छ। त्यसका लागि अरु दिशामा भन्दा भ्याल र ढोका उक्त दिशामा बढी हुनुपर्दछ। मूलद्वारको सामुन्ने भान्छाघर हुनुहुन्न । भान्छाघर र पूजाकोठासँगै शौचालय भएको राम्रो हुँदैन । भऱ्याङ्ग दायाँ घुमेको हुनुपर्छ र सिंढीको संख्या बिजोर हुनुपर्छ । पानीको निकास उत्तरदेखि पूर्वसम्म भए अति राम्रो हुन्छ । भान्छाको बनावट पकाउँदा पूर्व फर्किने हुनुपर्छ । यो वास्तुशास्त्र वा शिल्पकलाको सार्वभौम नियम हो । अर्थात् आवास होस् या उद्योग, संस्थान होस् कि शिक्षालय हरेकमा यो नियम लागू हुनु अपरिहार्य छ। अनि मात्र मानव जीवनका यावत् अभीष्ट पूरा भई आध्यात्मिक आलोकसमेत मुखरित हुन पुग्छ। अझै भन्नुपर्दा इहलोक सफल भई परलोक सप्रन्छ।

## शैक्षिक संस्थान र वास्तुविज्ञान

प्राचीन कालमा विद्याध्ययन गुरुकुलमा हुन्थ्यो । गुरुकुलको बनावट शिल्पकला वा

वास्तुशास्त्रसम्मत हुन्थ्यो । त्यसैले त त्यहाँ पढेका चेलाहरू शास्त्रमा पारङ्गत हुन्थे । गुरुको गरिमा वहन गर्थे । सम्बन्ध प्रगाढ हुन्थ्यो । गुरुको ईशारा चेलाले बुझ्थे । चेलाको भाव गुरुले बुझ्थे । अनुशासन, नैतिकता, मर्यादाको अक्षरशः परिपालना हुन्थ्यो । यसको एकमात्र कारण हो वास्तुको अनुशासनमा निबद्ध हुनु । वास्त्वमा पढ्नु भनेको जीवन जिउने कला सिक्नु हो । जीवन के हो, जगत् के हो भन्ने बुझ्नु हो । केवल कक्षा चढ्नु र प्रमाणपत्र लिनु मात्र पढ्नु होइन । ब्रह्मलीन डा. स्वामी रामानन्द गिरिको भनाईमा **पढ्नु भनेको दृष्टि प्राप्त गर्नु हो** (डा. स्वामी रामानन्द गिरि : एक अध्ययन, पृ.१८) । उदाहरणीय जीवन बिताउँदै सहजै गन्त्वय पुग्नु तथा आध्यात्मिक सोपानमा अघि बढ्नु नै सच्चा पढ्नु हो । नत्र खालि खोस्टा बटुल्नुमात्र हो ।

आधुनिक कालमा धेरै विद्यालय खुलेका छन्, विश्वविद्यालय बनेका छन् । उद्देश्य त समयको मागअनुसार विद्यार्थीलाई शिक्षित गर्नु नै हो । तर यसमा तिनै शिक्षालय सफल हुन्छन् जसको जग वास्तुमा बसेको छ र त्यही वास्तुसम्मत अनुशासनको शासन चलेको छ। वास्तुदेवको आशीर्वाद मिलेको विद्यालय, विश्वविद्यालयले योग्य र आदर्श शिक्षक, प्राध्यापक तथा चरित्रवान्, मेधावी विद्यार्थी भेटाउँछ । वास्तु नमिलेको विद्यालय, विश्वविद्यालयमा न गुरुत्त्वपूर्ण गुरु, न शिष्टाचारयुक्त चेला हुन्छन् । विद्यार्थीको वास्तविक प्रतिभाको पहिचान गरी सन्मार्गमा अभिमुख नागरिक बनाउनु नै शिक्षकको कर्तव्य हो र हो विशेषता न कि कोरा किताबी कुरा ओकल्नु । **मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव, (तैत्तिरीयोपनिषद्, १/११।२) ईशावास्यमिदं सर्वम् (ईशावास्योपनिषद्,१),**

**सर्वे भवन्तु सुखिनः, वसुधैव कुटुम्बकम्, सङ्गच्छध्वम् संवदध्वम्, उत्तिष्ठत जाग्रत, कर्मण्येवाधिकारस्ते, जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी, सह नौ भुनक्तु** आदिको मर्मलाई व्यवहारमा उतार्ने विद्यार्थी नै कुलको दीपक हुन्छ, विद्यालयको वर्चस्व तथा राष्ट्रको शान हुन्छ । सबै सबैको चाहना त यस्तै हुन्छ नै तर सोचेजस्तो हुँदैन । किनकि त्यहाँ वास्तुप्रकृतिको मर्यादाको पालना भएको हुँदैन । तसर्थ वास्तुप्रकृतिको कृपा प्राप्त कसरी हुन्छ भन्ने कुराको अवलोकन अनिवार्य मानिने भएकोले त्यसैको चर्चा यहाँ गरिन्छ ।

### (क) भूखण्ड

जसरी आवासीय भूमिको हरेक कोणबाट परीक्षण गरिन्छ, सम्बन्धित अधिपतिको नाम, राशिअनुसार सबै जुराइन्छ त्यसै गरी शैक्षिक संस्थानको लागि पनि जुराउनुपर्छ । सर्वप्रथम भूखण्डको विचार गर्नुपर्दछ। शैक्षिक संस्थानको लागि वर्गाकार अथवा आयताकार जमिन उपयुक्त हुन्छ। पूर्वमुखी वा पश्चिममुखी भूखण्ड सर्वोत्तम हुन्छ अर्थात् बाटो पूर्व वा पश्चिमपट्टि हुनुपर्छ। शुभ मुहूतको विशेष विचार गरेर त्यही समयमा नै हरेक कार्य प्रारम्भ गर्नुपर्छ ।

**इष्टिकान्यसनं शस्तं शुभकाले विशेषतः ।**
**तस्मात्सर्वप्रयत्नेन शुभं कालं न लङ्घयेत् ॥**

-(विश्वकर्मवास्तुशास्त्रम्, ३/६)

**(ख) मुख्य प्रवेशद्वार-**

सामान्य हिसाबले कुनै पनि संस्थानको मूल ढोका बाटोअनुसार नै बनाइन्छ । त्यस्तै विद्यालय, विश्वविद्यालयको पनि त्यही हिसाबले बनाउनुपर्दछ ।

**१) उत्तरमुखी भूखण्ड-**

यदि संस्थानको भूखण्ड उत्तरमुखी छ भने मुख्य प्रवेशद्वार ईशानकोणको उत्तरी भाग वा पूर्वी भागमा बनाउनुपर्दछ ।

**२) पूर्वमुखी भूखण्ड -**

जमिनको पूर्व दिशामा बाटो छ भने मुख्य प्रवेशद्वार पूर्वी, ईशान अर्थात् उत्तर र पूर्वको कोणमा पूर्वी भागमा बनाउनु हितकर हुन्छ ।

**३) दक्षिणमुखी भूखण्ड-**

यदि भूखण्डको मूल मार्ग दक्षिणमा छ भने मूल ढोका आग्नेयकोणको दक्षिणी भागमा बनाउनु श्रेयस्कर हुन्छ ।

**४) पश्चिममुखी भूखण्ड-**

पश्चिम दिशातिर बाटो भएको भूखण्डको मूल द्वार वायव्यकोणको पश्चिमी स्थल सर्वोत्तम हुन्छ ।

**(ग) खेल मैदान**

खेल मैदान विद्यालयको अभिन्न अङ्ग बनिसकेको छ । हुन त विद्यार्थीलाई खेल्नको लागि मैदान वा चौर जतासुकै बनाए पनि हुन्छ । तर पनि सबैभन्दा बढी उपयुक्त दिशा भनेको उत्तर अथवा पूर्व हो । यी दिशामा खेलकुदको मैदान बनाए अति नै कल्याणकारक हुनेमा कुनै शङ्का रहदैन । यदि उत्तर या पूर्वमा खेलमैदान बनाउन सम्भव नभए आग्नेयकोणमा पनि बनाउन सकिन्छ । बिर्सन नहुने कुरा के छ भने खेलकुद मैदान कक्षाकोठाबाट टाढा हुनै पर्दछ ।

**(घ) कक्षाकोठा-**

कक्षाकोठाको निर्माण उत्तर अथवा पूर्वतिर गर्नु उचित हुन्छ । कक्षाकोठा कुनै चोसोमोसो परेको नभई आयताकार वा वर्गाकार हुनैपर्छ किनकि चोसो निस्केको कोठा अति नै अनिष्टकारक हुन्छ । विद्यार्थी कक्षामा पढ्न बस्दा उनीहरूको मुख पूर्वतिर वा उत्तरतिर फर्केको हुनुपर्छ । विद्यार्थीको मुख पश्चिम वा दक्षिण फर्किएको हुनुहुँदैन । त्यस्तो भएमा विद्यार्थीको मन पठनपाठनमा एकाग्र हुँदैन, स्वभाव उद्दण्ड हुन्छ । बुद्धिमा मन्दता देखिन्छ । ह्वाइट बोर्ड वा

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

ब्ल्याक बोर्ड पूर्व वा उत्तर दिशाको भित्तामा राख्नुपर्दछ ।

### (ङ) ढोका-

हरेक कक्षाकोठाको ढोका उत्तर र पूर्वतिर तथा झ्याल पनि सोही दिशामा भएमा कक्षाको वातावरण अति शान्त हुन्छ । अध्यारो कोठा अशुभकारक हो । पूर्ण प्रकाश भएको कोठामा कुनै समस्या देखिदैन । यदि पश्चिम या दक्षिणतिर मात्रै झ्याल र ढोका छन् भने विद्यार्थी नियन्त्रण गरेर पढाउन शिक्षकलाई धेरै सकस पर्छ ।

### (च) प्राचार्यकक्ष

प्राचार्य विद्यालय, विद्यापीठको महत्त्वपूर्ण व्यक्ति हो । तसर्थ प्राचार्य बस्ने कोठाको निर्माणमा विशेष ध्यान दिनु जरुरी हुन्छ । प्रधानाध्यापकको लागि सबैभन्दा उपयुक्त दिशा भनेको दक्षिण र पश्चिमको बिच भाग अर्थात् नैर्ऋत्य कोण हो । प्रधानाध्यापक कुर्सीमा बस्दा उत्तरतिर अथवा पूर्वतिर मुख फर्कनुपर्दछ । दक्षिण र पश्चिम मुख फर्किएमा अनेक समस्याको सामना गर्नुपर्ने हुन्छ र अपजसको भागीदार हुनुपर्छ । कम्प्युटर आग्नेयकोणमा हुनुपर्छ । भित्ते घडी पूर्वमा हुनुपर्छ । यदि नैर्ऋत्यकोणमा बस्ने अवस्था नमिलेमा पूर्व र दक्षिणकोबिच भाग आग्नेयकोणमा पनि प्राचार्यकक्ष बनाउन सकिन्छ तर बस्दा पूर्व या उत्तरतिर मुख अवश्य फर्किएको हुनुपर्छ ।

### (छ) पुस्तकालय

पुस्तकालयको लागि सर्वोत्तम स्थान भनेको पश्चिम दिशा हो । पुस्तक राख्ने दराज पश्चिम या दक्षिण भित्तामा हुनुपर्छ । पुस्तकालयमा नै बसेर पढ्ने व्यवस्था मिलाउने हो भने पूर्व दिशामा बनाउनुपर्दछ र पढ्दा मुख पूर्व नै फर्किने हुनुपर्छ ।

### (ज) प्रार्थनास्थल

विद्यालय, विद्यापीठको लागि प्रार्थना भनेको मङ्गलाचरण हो । विना मङ्गलाचरण कार्यसिद्धि हुँदैन । कुनै पनि कामको सुरुमा, मध्यमा र अन्तमा मङ्गलाचरण गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता रहेको छ । कुनै विघ्नबाधा नआओस्, आफूले थालेको काम सहज र सरल तरिकाले सक्न पाइयोस्, छिटै लक्ष्य चुम्न सकियोस् भन्ने उद्देश्यले नै प्रार्थना गरिन्छ । तसर्थ प्रार्थनाको लागि सर्वश्रेष्ठ स्थान भनेको उत्तर दिशा हो । सो दिशामा पूर्व फर्किएर प्रार्थना गर्ने व्यवस्था मिलाउनुपर्छ । यस्तो भएमा अति नै राम्रो हुन्छ । पूर्व फर्केर प्रार्थना गर्ने अवस्था नभए पश्चिम फर्किए पनि हुन्छ ।

### (झ) मन्दिर/मूर्ति

विद्यालय, विश्वविद्यालय भनेकै विद्याकी अधिष्ठात्री देवी सरस्वतीको उपासना स्थल हो । अतः पढ्नु,पढाउनु सरस्वतीको आराधना गर्नु हो । वास्तवमा सरस्वतीको उपासक विद्यार्थी नै राम्ररी विद्या आर्जन गर्न सक्षम हुन्छ, सरस्वतीको आशीर्वादले नै एक विद्यार्थी असल, सक्षम र

उदाहरणीय शिक्षक बनेको हुन्छ । त्यसैले हरेक शैक्षिक संस्थानमा शास्त्रीय विधिविधानको सरस्वतीको प्राणप्रतिष्ठित मूर्ति स्थापना गर्नै पर्दछ । सम्भव भए सरस्वतीको मन्दिर बनाउनुपर्दछ । अझै समस्त ज्ञानको खानी त शिवलाई मानिन्छ । शिवको आशीर्वादले नै सरस्वती विद्याकी अधिष्ठात्री देवी बनेकी हुन् । तसर्थ विद्या चाहनेले शिवको उपासना गर्नुपर्छ । भनिएको छ -**विद्याकामस्तु गिरीशम्,** (श्रीमद्भागवतमहापुराण, २,३ /७) ।

तसर्थ शिवको मन्दिर बनाए शैक्षिक संस्थान अझै अक्षुण्ण रहन्छ । त्यसको लागि सर्वोत्तम स्थान भनेको ईशानकोण हो । ईशानकोणमा पश्चिम फर्काएर राख्नुपर्दछ मूर्ति सर्वकल्याणकारक हुन्छ । त्यसरी राख्न नमिले पूर्व दिशामा पश्चिम फर्काएर राख्नुपर्दछ । त्यो अवस्था पनि नमिले पश्चिम दिशामा पूर्व फर्काएर मूर्ति राखे पनि हुन्छ ।

### (ञ) भोजनालय

शैक्षिक संस्थानको लागि भोजनालय वा चमेना गृह पूर्व र दक्षिणको बिच भाग आग्नेय कोणमा बनाउनुपर्दछ । पकाउनेको मुख पूर्व फर्किएको हुनुपर्दछ । भोजन खाने स्थान पश्चिममा बनाउनुपर्छ तर खाँदा मुख पूर्व फर्किएको हुनुपर्छ ।

### (ट) शौचालय

शैक्षिक संस्थानको शौचालय दक्षिण र नैर्ऋत्यको बिचमा राख्नुपर्छ । उत्तर वा पूर्व दिशामा कहिल्यै पनि शौचालय बनाउनुहुँदैन । शौच बस्दा मुख दक्षिण या उत्तर फर्किएको हुनुपर्छ ।

### (ठ) सभाकक्ष (हल)

विद्यार्थीको प्रतियोगिताको लागि होस् या कुनै सेमिनार वा मिटिङ्गको लागि नै किन नहोस्, हरेक संस्थानमा सभाकक्ष अनिवार्य हुन्छ । त्यसको लागि पूर्व या उत्तर दिशा सर्वोत्तम हुन्छ ।

### (ड) पार्किङ्ग

विद्यालय, विद्यापीठको वाहन राख्नको लागि पार्किङ्गको अत्यावश्यकता सबैलाई महसुस हुन्छ । त्यसैले यसलाई पनि वास्तुसम्मत निर्माण गर्नुपर्ने हुन्छ । यसको लागि उपयुक्त स्थान भनेको पश्चिम र उत्तरको बिच भाग वायव्यकोण हो ।

### (ढ) रङ्ग

हरेक कुरामा रङ्गको भूमिका विशेष हुने गर्दछ । लगाउने कपडा होस् या बस्ने वासको अथवा चढ्ने वाहनको नै किन नहोस् रङ्गको असर जरुर पर्दछ । तसर्थ सावधानीपूर्वक रङ्गको प्रयोग गर्नुपर्ने हुन्छ । अझ शैक्षिक संस्थानमा त राम्ररी पालना गर्नुपर्छ । विद्यालय, विद्यापीठको भवनको रङ्ग सेतो या पहेंलो सर्वोत्तम हुन्छ । लगाउने पोशाक सेतो या हल्का निलो रङ्गको शुभ

ISSN: 2990-7950 (Print)
Peer Reviewed Research Article

हुन्छ । त्यस्तै विद्यालयको वाहन पनि सेतो या पहेंलो रङ्गको हुनुपर्दछ ।

**(ण) प्रयोगशालाकक्ष**

शैक्षिक संस्थानको लागि विज्ञान प्रयोगशाला अति नै आवश्यक मानिन्छ । किनकि आजको युग विज्ञानप्रविधिको युग हो । प्रयोगशाला नभएको शैक्षिक संस्थान अपुरो मानिन्छ, अधुरो हुन्छ । तसर्थ यसको लागि सर्वोत्तम स्थान भनेको पूर्व र दक्षिणको बिच भाग आग्नेयकोण हो ।

**(त) कम्प्युटरकक्ष**

कम्प्युटरकक्षको लागि सर्वश्रेष्ठ स्थान भनेको पूर्व दिशा हो । विद्यार्थीले पूर्व फर्किएर कम्प्युटर चलाउनुपर्छ ।

**(थ) प्रशासनकक्ष**

विद्यालय तथा विद्यापीठलाई राम्ररी सञ्चालन गर्नको लागि दक्ष प्रशासकको आवश्यकता पर्दछ । केवल प्रशासकमात्रै दक्ष भएर हुँदैन ऊ बस्ने कक्ष पनि वास्तुसम्मत चाहिन्छ । त्यसैले प्रशासनको लागि उत्तर दिशा उपयुक्त हुन्छ ।

**(द) स्टाफ रुम**

विद्यालय, विद्यापीठको स्टाफहरू बस्नको लागि सबैभन्दा उत्तम दिशा उत्तर र पश्चिम हो ।

## उपसंहार

वास्तुलाई राम्ररी सम्मान गरिन्छ भने, वास्तुप्रकृतिको मर्मलाई बुझेर हरेक निर्माणकार्य गरिन्छ भने अवश्य पनि भनेजस्तै हुन्छ । किनकि प्रसन्न भएको वास्तुदेवताले त्यहाँ बस्ने, व्यवसाय गर्ने सबैलाई पालनपोषण गर्दछन् र वंशवृद्धिमा समेत पूर्ण आशीर्वाद दिन्छन् । भनिएको छ- **सर्वसमृद्धिदो वास्तुः वंशवृद्धिकरः पालकः पोषकश्च भवति-** अथर्ववेद (३-२२-७) । यसरी नै वास्तुको वैज्ञानिकता बुझेर त्यहीअनुसार निर्माण गरिएको वासस्थान वा शैक्षिक संस्थान वा अन्य कुनै संस्थानले सदैव सुख, शान्ति र समुन्नतिका साथै पूर्ण सफलता दिलाउनेमा कुनै शङ्का र हुँदैन ।

## सन्दर्भ ग्रन्थ-सूची

१) अथर्ववेदसंहिता (सायणभाष्य १-८ भाग), (सन् १९९०), वाराणसीः चौखम्बा विद्याभवन ।

२) ईशादि दश उपनिषद्, (वि.सं. २०७३), देवघाटधामः महेश संस्कृत गुरुकुल ।

३) ईशादि नौ उपनिषद्,( वि.सं. २०६०), गोरखपुरः गीताप्रेस ।

४) खप्तडबाबा, (वि.सं. २०६०), विचार-विज्ञान, काठमाडौंः खप्तड आश्रम प्रकाशन समिति ।

५) गिरि, रमणानन्द,(२०७६), डा.स्वामी रामानन्द गिरिः एक अध्ययन, देवघाटधामः महेश संस्कृत गुरुकुल

६) गिरि, रामानन्द, (वि.सं. २०७२), श्रीमद्भागवतमहापुराण-रामानन्दी टीका, (प्रथम-खण्ड), देवघाटधामः महेश-संस्कृत-गुरुकुलम् ।

७) द्विवेदी, रामनिहोर, (वि.सं. २००८), बृहद्वास्तुमाला, वाराणसीः चौखम्बा संस्कृत प्रकाशनम् ।

८) भोजदेव, (सन् १९९८), समराङ्गणसूत्रधार, दिल्लीः न्यू भारती बुक ।

९) राधाकान्तदेव, (सन् २००१), शब्दकल्पद्रुम, दिल्ली जवाहरनगरः नागपब्लिसर्स ।

१०) रामदैवज्ञ, (सन् २०१८), मुहूर्तचिन्तामणि, वाराणसीः चौखम्बा सुरभारती प्रकाशन ।

११) वराहमिहिर, (सन् १९९७), बृहत्संहिता, वाराणसीः चौखम्बाविद्याभवन ।

१२) विश्वकर्मप्रकाश, (सन् २००२), मुम्बईः खेमराज श्रीकृष्णदास प्रकाशन ।

१३) विश्वकर्मवास्तुशास्त्र, (वि.सं. २०१०), वाराणसीः श्रीकृष्णजुगनूँ परिमल प्रकाशन ।

१४) वेदव्यास, (सन् २००२) नारदपुराण, गोरखपुर : गीताप्रेस ।

१५) वेदव्यास, (सन् २००५), मत्स्यपुराण, गोरखपुरः गीताप्रेस ।

१६) शर्मा, मुरलीधर, (वि.सं.२०६७), वास्तुशास्त्र, विराटनगरः गुञ्जन प्रकाशन ।

१७) सरस्वती, प्रज्ञानन्द, (सन् २००९), वास्तुशास्त्रसार, वाराणसीः चौखम्बा सुरभारती प्रकाशन ।

१८) श्रीमद्भगवद्गीता,(वि.सं. २०७५), देवघाटधाम : महेश-संस्कृत-गुरुकुलम् ।

१९) त्रिपाठी, ब्रह्मदत्त, (वि.सं. २०६१), वास्तुमर्म, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।